मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली,रामेछाप

वागमती प्रदेश,नेपाल

फोन.नः ०४८-५४०११२
०४८-५४०५९८

प.सं ०७८/०७९
च.नं २०४६.

मिति :२०७८/०९/०९

श्री नगरभित्र संचालित सम्बन्धित सबै सहकारी संस्थाहरू
मन्थली नगरपालिका , रामेछाप ।

**विषय : सहकारी संस्थाहरू अध्यावधिक, सूचीकृत हुन आउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा मन्थली नगरपालिकामा विगतमा **डिभिजन सहकारी कार्यालय दोलखा** , यस **मन्थली नगरपालिका** , **बागमती प्रदेशमा** वा **अन्य स्थानमा दर्ता भई यस नगरपालिकामा सेवाकेन्द्र /मुख्य कार्यालय संचालन** गरि प्रचलित कानून बमोजिम सहकारी गतिविधि गर्दै आएको सबै प्रकारका सहकारी संस्थाहरूलाई यस कार्यालयको च.नं २३५ मिति २०७८/०४/३२ गते प्रेषित पत्रको व्यहोरामा २०७८ असोज मसान्त भित्र आवश्यक कागजात समेतको आधारमा अध्यावधिक , सूचीकृत हुन आउने समयसीमा तोकिएकोमा अधिकांश सहकारी संस्थाहरू हालसम्म पनि सम्पर्कमा नआएकोले **२०७८ पौष मसान्त भित्रमा अन्तिम पटकको लागी एकपटक** आ.व. २०७८/०७९ को लागि अध्यावधिक सुचिकृत हुन आउनुहुन समयसीमा तोकिएकोले सो समय अवधिभित्रमा **सहकारीसंस्थाहरूलाई चालु आ.व. को साधारण सभाको निर्णयको प्रतिलिपी ,वार्षिक लेखा परीक्षण प्रतिवेदन संस्थाको आधिकारिक निवेदन सहित** अध्यावधिक सुचिकृत हुन आउन अनुरोध छ साथै समयावधि भित्र नआउने सहकारीलाई सो अवधि पछि सार्वजनिक सूचना प्रकाशन गरि कानून बमोजिम खारेज गर्ने निर्णय भएको व्यहोरा अनुरोध छ ।

पुनश्च : नगरभित्र संचालनमा रहेका १० करोड भन्दा बढी वार्षिक कारोवार गर्ने सहकारीको हकमा मात्र मन्थली नगरपालिकाको राजस्व परामर्श समितिको बैठकवाट हुने निर्णय बमोजिम अध्यावधिक / सुचिकृतको लागि अर्को पत्र प्रेषित गरिने छ ।

....................
लिलाराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत